# स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ८ संख्याः ०२ मितिः २०८१/०२/११

भाग - २

## स्थानीय सरकार

## मायादेवी गाउँपालिका, रुपन्देही

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मायादेवी गाउँपालिका, रुपन्देहीको दरबन्दी मिलान तथा जिम्मेवारी हेरफेर सम्बन्धी कार्यविधि, २०८१

गाउँ कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१।०२।०७

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३, दफा ११, उपदफा २ (ज) को बुँदा नं. ११ मा स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलानको व्यवस्था, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन कार्यविधि २०७६), मायादेवी गाउँ शिक्षा ऐन २०७४ र मायादेवी गाउँपालिकाको आ.व. २०८०/०८१ को शिक्षा यूवा तथा खेलकुद तर्फको नीति न. ५ समेतलाई कार्यान्वयन गरी गाउँपालिकामा रहेको शैक्षिक जनशक्तिलाई विद्यार्थी सङ्ख्या, सञ्चालित कक्षा लगायतका आधारमा पुनर्वितरित गर्ने तथा प्र.अ, शिक्षकहरुको जिम्मेवारी हेरफेर गरी शैक्षिक व्यवस्थापनलाई गतिशील एवं प्रभावकारी बनाई अनुभवसमेत आदानप्रदान हुने गरी दरबन्दी मिलानसहित कामकाजमा खटाउन बाञ्छनीय भएकोले मायादेवी गाउँकार्यपालिकाले कार्यपालिकाको मिति २०८१/०२/०७ गतेको निर्णयअनुसार यो कार्यविधि स्वीकृत गरेको छ ।

१) **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** यस कार्यविधिको नाम **"दरबन्दी मिलान तथा जिम्मेवारी हेरफेर सम्बन्धी कार्यविधि २०८१"** रहेको छ। यो कार्यविधि स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२) **<u>परिभाषाः</u>** यस कार्यविधिको विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा निम्नानुसार रहेको छ ।

**क. बालविकास** भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकालाई कक्षा एकमा प्रवेश गर्नुभन्दा अँगाडी दिइने एक वर्ष अवधिका बालबालिकाहरुको सर्वाङ्गिण विकासमा केन्द्रित बालविकास तथा शिक्षा सम्झनुपर्छ।

**ख. विद्यालय** भन्नाले सामुदायिक विद्यालय भन्ने सम्झनुपर्छ।

**ग. आधारभूत शिक्षा** भन्नाले कक्षा १ देखि कक्षा ८ सम्मको शिक्षा सम्झनुपर्छ ।

**घ. माध्यमिक शिक्षा** भन्नाले कक्षा ९ देखि १२ सम्मको शिक्षा सम्झनुपर्छ । साथै आधारभूत र माध्यमिक शिक्षा सन्दर्भमा कक्षा १-५ लाई प्राथमिक तह, ६-८ लाई निम्न-माध्यमिक तह, ९-१० लाई माध्यमिक तह र ११-१२ लाई उच्च माध्यमिक तहको रुपमा समेत बुझिनेछ।

**ङ. बालविकास सहजकर्ता** भन्नाले बालविकास केन्द्रमा सिकाई सहजीकरण गर्नका लागि खटिएका शिक्षक भन्ने सम्झनुपर्छ।

**च. विद्यालय सहायोगी** भन्नाले विद्यालयमा सहयोगी कर्मचारीका रुपमा सङ्घीय अनुदानमा कार्यरत कर्मचारी भन्ने सम्झनुपर्छ।

**छ. विद्यालय सहायक कर्मचारी** भन्नाले विद्यालयमा सहायक कर्मचारीका रुपमा सङ्घीय अनुदानमा कार्यरत कर्मचारी भन्ने सम्झनुपर्छ।

**ज. शिक्षक** भन्नाले विद्यालयमा शिक्षण गर्ने नियमानुसार नियुक्त भएको सबै तहको र सब प्रकारको शिक्षकलाई जनाउँछ। सो शब्दले प्रधानाध्यापक लाई समेत सम्झनुपर्छ ।

**झ. प्रधानाध्यापक** भन्नाले विद्यालयमा मौजुदा शिक्षकहरुमध्ये वरिष्ठता क्रमको आधारमा विद्यालयको शैक्षिक तथा प्रशासनिक नेतृत्वको जिम्मेवारी प्राप्त गर्ने शिक्षक सम्झनुपर्छ ।

**ञ. दरबन्दी** भन्नाले गाउँपालिकालाई प्राप्त सबै प्रकारका सङ्घीय शिक्षक दरबन्दी तथा अनुदान कोटाहरुलाई जनाउछ। र सो शब्दले विद्यालयबाट नियुक्ती भई कार्यरत रहेकालाई दिएको स्थानीय पालिकाको अनुदानलाई समेत तत्कालका लागि गणना गर्ने सम्झनुपर्छ।

**ट. दरबन्दी मिलान** भन्नाले सङ्घीय सरकारबाट प्राप्त शिक्षक दरबन्दी तथा अनुदान कोटाहरुलाई गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरुमा तहगत अवस्था र विद्यार्थी संख्याको आधारमा अनुपातिक रुपमा पुनर्वितरण गर्ने कार्यलाई सम्झनुपर्छ। सो शब्दले पालिकाभित्र अन्तर विद्यालय सरुवा/ कामकाज व्यवस्थापनलाई समेत जनाउछ।

**ठ. कामकाज** भन्नाले दरबन्दी मिलानको सन्दर्भमा खटाइएकै विद्यालयबाट तलब भत्ता खानेगरी अर्को विद्यालयमा सरुवा/कामकाजका लागि खटाइएको भन्ने सम्झनुपर्छ ।

**ड. जिम्मेवारी हेरफेर** भन्नाले दरबन्दी मिलान गर्दा सम्बन्धित विद्यालयमा कायम हुनु जाने शिक्षकहरुमध्ये वरियताक्रममा जेष्ठ शिक्षकलाई विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी सहित कामकाजमा खटाउने कार्यलाई सम्झनुपर्छ र सो शब्दले शिक्षक कर्मचारीलाई अन्तर विद्यालय कामकाजमा खटाउने कुरालाई समेत जनाउदछ।

**ढ. ऐन** भन्नाले सङ्घीय शिक्षा ऐन २०२८, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा मायादेवी गाउँपालिकाको शिक्षा ऐन सम्झनुपर्छ ।

**ण. नियमावली** भन्नाले शिक्षा नियमावली २०५९ सम्झनुपर्छ ।

**त. गाउँपालिका** भन्नाले मायादेवी गाउँपालिका रुपन्देही सम्झनुपर्छ ।

**थ. कार्यक्षेत्र** भन्नाले यस कार्यविधिको कार्यक्षेत्र मायादेवी गाउँपालिका भित्रका विद्यालयमा मात्र लागु हुनेछ ।

३) **कार्यविधिको उद्देश्यः**

क) स्थानीय शिक्षा ऐन २०७४ अनुसार विद्यालयहरुको सु-व्यवस्थापनलाई प्रभावकारी बनाउन

ख) शिक्षक दरबन्दी मिलान कार्यविधि २०७६ का प्राबधानलाई कार्यान्वयनमा ल्याउनु

ग) गा.पा भित्रका मौजुदा दरबन्दीलाई सञ्चालित विद्यालयको तह, कक्षा र विद्यार्थीहरुको अनुपातमा अनुपातिक रुपमा पुनर्वितरण गर्दै लैजानु

घ) शिक्षा नियमावली २०५९ को प्रावधान अनुसार दरबन्दी मिलानपछी विद्यालयमा कायम हुने बरिष्ठताका आधारमा शिक्षकहरुलाई प्र.अ को जिम्मेवारीमा रहने व्यवस्था गर्ने

४) **दरबन्दी मिलानका आधारहरुः** शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०७६, शिक्षा नियमावली २०५९ मा विद्यालयगत रुपमा विद्यालयमा रहने दरबन्दी संरचना, सङ्घीय सरकारबाट गाउँपालिकालाई प्राप्त दरबन्दी, राहत, शिक्षण सिकाई अनुदान सङ्ख्या गा.पा भित्र सञ्चालित विद्यालयहरु, तह र कक्षाहरुका आधारमा अनुपातिक रुपमा मौजुदा दरबन्दीलाई विद्यालयहरुमा पुनर्वितरित गरिनेछ ।

५) **कार्यविधिको कार्यान्वयनः** यस कार्यविधिको कार्यान्वयन क्रमशः हुनेछ। दरबन्दी मिलान, कामकाज खटाउने तथा जिम्मेवारी हेरफेर गर्दा सामान्यतया शैक्षिक सत्रको सुरु २ महिनाभित्र गरिनेछ । तर पहिलोपटकको लागि कार्यविधि जुनसुकै समयमा पनि कार्यान्वयन गर्न बाधा परेको मानिने छैन । कार्यविधि कार्यान्वयनको क्रममा मा.वि, नि.मा.वि का मौजुदा दरबन्दीहरु मिलान गरिनेछ। दरबन्दीमा रहेका स्थायी शिक्षकहरुको जिम्मेवारी हेरफेर गर्दा विद्यालयहरुमा शिक्षक व्यवस्थापनमा बिषयगत रुपमा मिलान गर्नुपर्ने अन्य बिषयगत शिक्षकहरुको पनि जिम्मेवारी हेरफेर तथा सरुवा/कामकाजमा खटाउन सकिनेछ। क्रमशः प्राथमिक तहको पनि दरबन्दी मिलान कार्य अँगाडी बढाइनेछ। विद्यालयमा कार्यरत शिक्षक कर्मचारिहरुलाई शैक्षिक गुणस्तर प्रवर्द्धन, व्यवस्थापकीय प्रभावकारिता, अनुभव आदान प्रदान हुने गरी आवश्यकताका आधारमा व्यवस्थापन गर्दै अँगाडि बढ्न सकिनेछ ।

६) **<u>प्रधानाध्यापकको जिम्मेवारी हेरफेर:</u>** विद्यालयमा दरबन्दी मिलान गर्दा वा कामकाजमा खटाउदा सम्बन्धित विद्यालयमा हालसम्म मौजुदा दरबन्दी भन्दा माथिल्लो दरबन्दीको स्थायी शिक्षक खटिई वरिष्टतम शिक्षकको रुपमा कायम हुने अवस्थामा निजलाई उक्त विद्यालयको प्र.अ को जिम्मेवारी सहित खटाइनेछ । यसरी खटाउदा साविकका प्र.अ सो जिम्मेवारीमा नरहने अवस्था भएमा यथासंभव सम्मानजनक रुपमा मनोवल नबिग्रने गरी समन्वयको आधारमा व्यवस्थापन गरिनेछ ।

७) **<u>शिक्षक व्यवस्थापन:</u>** माध्यमिक तथा निम्न माध्यमिक स्थायी दरबन्दी भएका विद्यालयहरुबाट शिक्षकहरुलाई अन्य विद्यालयहरुमा कामकाजमा खटाउदा विद्यालयमा हुने शिक्षक न्यूनतालाई यस कार्यविधिको आधारमा वा वैकल्पिक आधारमा न्युनतम शिक्षक व्यवस्थापन गाउँपालिकाले गर्नेछ । विगतमा विद्यालयहरुबाट नियुक्त भई कार्यरत भएका शिक्षकहरुको व्यवस्थापनको सन्दर्भमा गा.पा.ले दिएको अनुदानलाई सम्बन्धित तहमा आवश्यकताका आधारमा पुनर्विचार हुनेछ ।

८) **<u>दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन प्रक्रिया:</u>** यस कार्यविधिका प्रावधानहरुको आधारभूत मान्यताभित्र रही गाँउ शिक्षा समितिको सिफारिसका आधारमा गाउँ कार्यपालिकाले गर्नेछ।

९) **<u>कार्यविधिको कार्यान्वयनमा सहयोग गर्नुपर्ने:</u>** दरबन्दी मिलान तथा जिम्मेवारी हेरफेर गरी शिक्षक कर्मचारीहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा खटाउदा वा सोही विद्यालयमा जिम्मेवारी हेरफेर हुँदा सम्बन्धित शिक्षकहरुलाई कामकाजमा लगाउने, हाजिरी तथा रमाना गर्ने गराउने कार्यमा सहयोग गर्नु सम्बन्धित शिक्षक, प्र.अ., वडा समिति र सरोकारवालाहरुले सहयोग गर्नुपर्ने दायीत्व हुनेछ ।

१०) **<u>शिक्षकहरुको हेरफेर :</u>** प्रा.वि., नि.मा.वि. र मा.वि. तहका शिक्षकहरुलाई समेत विद्यालयका अध्ययनरत विद्यार्थीहरुको पठनपाठनमा समस्या नहुने गरि विद्यालयको आवश्यकता अनुसार कार्यअनुभव, विज्ञता लगायतका आधारमा गा.पा.ले दरबन्दी मिलानको सन्दर्भमा शिक्षकहरुलाई हेरफेर गरी व्यवस्थापन गर्न सक्नेछ ।

११) **<u>कार्यविधिको आधारभूत मान्यता:</u>** गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरुमा सञ्चालित कक्षा र तहको आधारमा गाउँपालिकामा उपलब्ध सम्बन्धित तहका स्थायी शिक्षकहरुलाई प्राथमिकतामा राखी आनुपातिक रुपमा वितरण गरी वरिष्ठताका आधारमा जिम्मेवारी दिई

शैक्षिक व्यवस्थापनलाई अँगाडी बढाउने । वालबालिका, शिक्षक र विद्यालयको मनोबललाई उच्च राखी शैक्षिक गुणस्तरता कायम गर्ने गराउने।

१२) **सेवा सुविधा:** यस कार्यविधिको कार्यान्वयनका क्रममा एक विद्यालयबाट अर्को विद्यालयमा खटिने शिक्षकहरुको तलब भत्ता लगायतका सेवा सुविधाहरु सम्बन्धित विद्यालयबाट नै उपलब्ध हुनेछ ।

आज्ञाले
**कृष्ण प्रसाद ज्ञवाली**
प्रमुख प्रशासकीय अधिकृत